का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० साउन २०८०,
शनिबार
5 August 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १९१ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com



# सुन तस्करी छानबिनको जिम्मा सीआईबीलाई

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ साउन ।

करिब एक क्वीन्टल सुन तस्करीको अनुसन्धानको जिम्मा केन्द्रीय अनुसन्धान ब्यूरो ( सीआइबी)ले पाएको छ । साउन ३ गते राजस्व अनुसन्धान विभागले त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट भन्सार जाँच पास भएर सिनामंगल पुऱ्याइएको एक क्वीन्टल सुन बरामद गरेको थियो । त्यो पनि विभागले विशेष सूचनाका आधारमा चलाएको अपरेसनका क्रममा सो परिमाणमा सुन बरामद गरेको थियो । सुन बरामद भएको १६ दिन पछि प्रधानमन्त्री प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सुन तस्करी प्रकरण संगठित अपराध र अन्तर्देशीय अपराध भएका भन्दै त्यसको जरैसम्म पुग्ने गरी प्रहरीमार्फत अनुसन्धान गर्न निर्देशन दिएका हुन् ।

> प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका अनुसार सुन तस्करी प्रकरण संगठित अपराध र अन्तरदेशीय अपराध भएकाले अनुसन्धानको जिम्मा सीआइबीलाई दिइएको हो ।

हाल क्वीन्टल सुन प्रकरणमा राजस्व अनुसन्धान विभागमार्फत अनुसन्धान भइरहेको छ । विभागले सुन तस्करी प्रकरणमा पाँच दिनपछि प्रहरीको सहयोग पृष्ठ २ मा

## आफ्नै नाम आए पनि अनुसन्धान रोकिन्न : प्रचण्ड



> सुन तस्करी प्रकरण र छानबिनमा कुनै प्रकारको राजनीतिक हस्तक्षेप हुँदैन । अनुसन्धानको प्रक्रियामा जोसुकै आए पनि अगाडि बढ्न निर्देशन दिएको छु । आफ्नै नाम आए पनि अनुसन्धान अघि बढाइने छ ।

**प्रचण्ड**
**प्रधानमन्त्री**

प्रधानमन्त्री प्रचण्ड सुन तस्करीमाथि अनुसन्धानको जिम्मा सीआईबीलाई दिनु अहिलेसम्मको उच्चस्तरीय छानबिन भएको बताउँछन् ।

शुक्रबार प्रज्ञा भवन कमलादीमा पत्रकारहरुसँग कुरा गर्दै प्रधानमन्त्री प्रचण्डले सुन तस्करी प्रकरण संगठित र अन्तरदेशीय अपराधजस्तो देखिएकाले सम्पूर्ण अनुसन्धानको जिम्मेवारी सीआईबीलाई दिएको जानकारी दिए ।

उनले अब राजस्व अनुसन्धान विभागले अहिलेसम्मको सम्पूर्ण अनुसन्धान सीआईबीलाई उपलब्ध गराएर दुवै निकायले मिलेर अनुसन्धान गर्ने पनि पृष्ठ २ मा

## सीआईबीले पनि छानबिन गर्न सक्दैन : एमाले



> सुन तस्करी प्रकरणको छानबिन सीआईबीले गर्न सक्दैन । यो प्रकरणमा राष्ट्रिय, अन्तर्राष्ट्रिय गिरोह समावेश छ । यसकारण उच्चस्तरीय आयोग गठन गर्न आवश्यक छ ।

**लिलानाथ श्रेष्ठ**
**सांसद, एमाले**

प्रमुख प्रतिपक्षी एमालेका सांसद लिलानाथ श्रेष्ठले सुन तस्करी प्रकरणको छानबिन सीआइबीले गर्न नसक्ने बताएका छन् । शुक्रबार राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै सांसद श्रेष्ठले सुन तस्करी प्रकरणको छानबिन सीआइबीले गर्न नसक्ने बताएका हुन् । पृष्ठ २ मा

## अन्तरदेशीय अपराध देखियो : रास्वपा



> संगठित अपराध जोडियो । अन्तरदेशीय अपराध देखियो । मिलेमतो, संरक्षण जस्ता कयौं कसुर यसमा देखिए ।

**रवि लामिछाने**
**सभापति, रास्वपा**

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने सुन तस्करी प्रकरणमा अन्तरदेशीय अपराध देखिएको बताउँछन् । शुक्रबार राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै सभापति लामिछानेले संगठित अपराध, नागरिकता, पासपोर्ट किर्ते, अन्तरदेशीय अपराध लगायतका विषय पनि जोडिएको बताएका हुन् ।

'यसमा संगठित अपराध जोडियो । सम्बन्धित मान्छेले कुन ढंगले, कसरी पासपोर्ट र नागरिकता प्राप्त गरेको भन्ने विषय पनि पृष्ठ २ मा




# कैदी सरुवा विवादले कारागारमै आगजनी

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ साउन ।

कारागार एकदमै अनुशासित ठाउँ मानिन्छ । भलै अनुशासनहीन, अपराध कर्म गरेका, उदण्ड व्यक्तिहरु नै कारागार पुग्छन् । उनीहरुलाई अनुशासित बनाउन सुरक्षाकर्मीहरुले चर्को अनुशासन कायम गर्ने विश्वास गरिन्छ । तर त्यस्तो ठाउँमा पनि हुलदङ्गा र आगजनी हुने जस्तो कुरुप दृश्य शुक्रबार झापा कारागारमा देखा परेको छ । चलै हुलदङ्गलाई सुरक्षा अधिकारीहरुले नियन्त्रणमा लिइसकेका छन् । शुक्रबार दिउँसो असन्तुष्ट कैदीबन्दीले गरेको आगजनी र ढुंगामुढा गरेका थिए । उक्त कार्य एक घण्टापछि नियन्त्रणमा आएको प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलले जानकारी दिए ।

मनोज लावती नामका कैदीबन्दीलाई चन्द्रगढी कारागारबाट सुनसरीको झुम्का कारागारमा सरुवा गर्न लाग्दा असन्तुष्ट कैदीबन्दीको समूहले कारागारभित्र आगजनी गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले बताए ।

उनका अनुसार दिउँसो ३ बजेतिर कैदी लावतीलाई कारागार प्रशासनले झुम्का लैजान कारागारबाट बाहिर निकाल्नासाथ कैदीबन्दीले नारा जुलुस र ढुंगामुढा शुरु गरेका थिए । कारागारभित्र उनीहरूले आगजनी गर्दा धुँवाको मुस्लो फैलिएको थियो ।

प्रमुख जिल्ला अधिकारी पोखरेलले कारागारभित्रको स्थिति एक घण्टाभित्रै नियन्त्रण भएको बताए । 'अहिले स्थिति नियन्त्रणमा आइसकेको छ' उनले भने, 'कैदीलाई सरुवा गर्न लाग्दा भित्रबाट हुलदंगा गरेको पाइयो ।'

आगो निभाउन मेचीनगर, भद्रपुर र बिर्तामोडको दमकल कारागार पुगेको थियो । असन्तुष्ट कैदीबन्दीले भित्रबाट कारागार परिसरमा ढुङ्गामुढा पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारबाट फर्किने कामदारलाई थप भन्सार सुविधा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ साउन

सरकारले वैदेशिक रोजगारबाट फर्किने कामदारलाई थप सुविधा दिएको छ । यसअघि दुई वटासम्म मोबाइल फोन ल्याउन छुट दिएको सरकारले श्रम स्वीकृति लिएर एक वर्षभन्दा बढी वैदेशिक रोजगारीमा काम गरेर फर्किने कामदारले एउटा टेलिभिजन ल्याउँदा भन्सार छुट पाउने व्यवस्था गरेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले झिटीगुन्टा सुविधाअन्तर्गत वैदेशिक रोजगारबाट फर्किने कामदारले पाउने भन्सार छुटको व्याख्या गर्दै सामाजिक सुरक्षा कोषमा आवद्ध भइ वैदेशिक रोजगारीमा गएको कामदार जुनसुकै साइज र जतिसुकै मूल्य पर्ने एउटा टेलिभिजन ल्याउँदा भन्सार नलाग्ने स्पष्ट गरेको छ । छुट लिनका लागि श्रम स्वीकृति लिएर सामाजिक सुरक्षा कोषमा आवद्ध भएका कामदारले कम्तीमा लगातार १२ महिना विदेशमा काम गरेको हुनुपर्ने भन्सार कार्यालयको सूचनामा उल्लेख छ ।

यस्तै वैदेशिक रोजगारीबाट फर्किने महिलाले ५० ग्राम र पुरुषको हकमा २५ ग्रामसम्मको सुनको गहनामा पनि भन्सार नलाग्ने भएको छ । दुई सय ग्रामसम्म रसायन प्रयोग भएको सुनको गहना भन्सार तिरेर भित्र्याउन पाउने व्यवस्था गरिएको छ । रसायन प्रयोग नभएका सिक्री र बेरूवा औंठीलाई गहनाको मान्यता नदिइने भन्सार कार्यालयले स्पष्ट गरेको छ ।

### अभिमुखीकरण संस्थासँग विभागले पुनः माग्यो कर्मचारीको विवरण

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार अभिमुखीकरण तालिम प्रदायक संस्थासँग पुनः कर्मचारीको विवरण माग गरेको छ । विभागले यस्ता संस्थालाई तालिम सञ्चालन गरिरहेको स्थान र कर्मचारीको विवरण सात दिनभित्र बुझाउन भनेको छ ।

पटक-पटक सूचना जारी भएपनि अभिमुखीकरण तालिम प्रदायक संस्थाले तोकिएको मापदण्डअनुसार काम नगरेको विभागको भनाइ छ । नियमित अनुगमन तथा आकस्मिक अनुगमनमा अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूले अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि पृष्ठ २ मा



> दशक लामो उपकप्तान र छोटो अवधिका कप्तान ज्ञानेन्द्र मल्ल नेपाली क्रिकेटले डिभिजन ५ देखि एकदिवसीयसम्मको यात्रा गर्दा भरपर्दो ब्यट्यासम्यान रहे ।

**ज्ञानेन्द्र मल्ल**

## सफल यात्राका साझेदार

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ साउन

नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिएका छन् । एसिया कपको तयारीका लागि श्रीलंकामा हाइ पर्फमेन्स प्रशिक्षण गरेर नेपाली राष्ट्रिय क्रिकेट टोली फर्किएको भोलिपल्ट शुक्रबार काठमाडौंमा पत्रकार विस्तृत ७

हार्दिक बधाई






फडिन्द्र ढकाल
उपाध्यक्ष
NRNA(NCC-UAE) को उपाध्यक्ष जस्तो गरीमामय पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई एवम सफल कार्यकालको शुभ-कामना व्यक्त गर्दछौं ।
अध्यक्ष
तथा
लाल धनुष इन्टरनेशनल सर्भिस प्रा. लि., परिवार

# राष्ट्रिय सुरक्षाको आयाम व्यापक र फराकिलो : उपप्रधानमन्त्री खड्का

**काठमाडौं/मस–** उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले राष्ट्रिय सुरक्षाको आयाम परम्परागत दृष्टिकोणबाट व्यापक र फराकिलो भइसकेको बताएका छन् । सैनिक कमाण्ड तथा स्टाफ कलेज, शिवपुरीको निरीक्षण भ्रमणका क्रममा शुक्रबार तालिमरत शिक्षार्थी अधिकृतलाई सम्बोधन गर्दै उनले राष्ट्रिय सुरक्षा राजनीतिक, सामाजिक, आर्थिक एवम् भौगोलिकलगायतका अन्य सबै पक्षको समग्र सुरक्षा भएको स्पष्ट पारे ।



'राष्ट्रिय सुरक्षाको आयाम सैनिक शक्तिलाई मात्रै आधार बनाइ बुझ्ने परम्परागत दृष्टिकोणबाट व्यापक र फराकिलो भइसकेको परिप्रेक्षमा यसले राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय अखण्डता, सामाजिक, आर्थिक, सांस्कृतिक, पर्यावरणीय एवम् मानवीय पक्षलगायतलाई पनि सम्बोधन गर्नु उत्तिकै आवश्यक छ । यी विषयवस्तुलाई पनि तालिममार्फत तपाईंहरूले ग्रहण गर्नुहुनेमा विश्वास छ,' उनले भने ।

विश्व परिवेशमा देखा परेका विभिन्न घटनाक्रमका कारण अन्तर्राष्ट्रिय सुरक्षा वातावरणमा आइरहेको परिवर्तन, सूचना एवम् प्रविधिको तीव्र गतिमा भइरहेको विकासक्रमका साथै राष्ट्रियरूपमा राजनीतिक, सामाजिक, सांस्कृतिक एवम् आर्थिक क्षेत्रमा देखिएका परिवर्तनले राष्ट्रिय सुरक्षामा प्रत्यक्ष प्रभाव पारिरहेको उनको भनाइ थियो । उनले प्रत्येक राष्ट्रले आ-आफ्नो मूल्यमान्यता र मूल नीतिमा आधारित रहेर राष्ट्रिय सुरक्षालाई सुदृढ बनाउने प्रयासरत रहेको उल्लेख गरे ।

सो अवसरमा उपप्रधानमन्त्री खड्काले सैनिक कमाण्ड तथा स्टाफ कलेजलाई स्रोत र साधनको व्यवस्था गरी सर्वोत्कृष्ट शिक्षालयका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । तालिमरत शिक्षार्थी अधिकृतलाई सम्बोधन गर्दै कलेजलाई 'सेन्टर फर एक्सिलेन्स' बनाउने सन्दर्भमा रक्षा मन्त्रालय सदैव सकरात्मक रहेको उल्लेख गरे ।

उनले उच्चस्तरीय तालिम सञ्चालनका लागि राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सञ्चालनमा नआउँदासम्म यहाँ सञ्चालन गरिने तालिमले नै राष्ट्रिय सुरक्षामा टेवा पुग्नेमा विश्वास व्यक्त गरे ।

'राष्ट्रिय सुरक्षा, परराष्ट्र नीति तथा कूटनीति, राजनीतिक अर्थशास्त्र, अन्तर्राष्ट्रिय सम्बन्ध, शान्ति सेनासम्बन्धी विषय, राष्ट्रिय सुरक्षामा विभिन्न सरकारी तथा गैरसरकारी निकायबीचको समन्वयसम्बन्धी विषय, परम्परागत र आधुनिक, सैद्धान्तिक एवम् व्यावहारिक शिक्षा दिँदै आइरहेको यस कलेजलाई भविष्यमा उत्कृष्ट शिक्षालय बनाउन रक्षा मन्त्रालयको सदैव सकारात्मक सहयोग रहनेछ,' उनले भने ।

उनले तालिमको महत्वलाई राम्रोसँग अंगीकार गर्न तालिमरत शिक्षाथी समक्ष आग्रह गरे । 'तपाईंहरू भविष्यमा नेपाली सेनाको नेतृत्व तहमा पुग्नुहुनेछ, तसर्थ भविष्यमा तपाईंलाई प्राप्त हुने जुनसुकै जिम्मेवारी बहन गर्ने क्रममा यस तालिमको महत्वलाई राम्रोसँग अंगीकार गर्नुहुनेछ भन्नेमा विश्वस्त छु,' उनले भने ।

उपप्रधानमन्त्री खड्काले अन्य सुरक्षा निकायबाट पनि उत्कृष्ट अधिकृतहरू सहभागी हुने हुँदा आ-आफ्नो संगठनमा उदाहरणीयरूपमा जिम्मेवारी बहन गरी आफूलाई अब्बल प्रमाणित गर्न तालिमरत शिक्षार्थीलाई सुझाव दिए ।

विसं २०४७ सालमा शाही नेपाली सैनिक तालिम प्रतिष्ठानका रूपमा स्थापित उक्त संस्थानले आजका दिनसम्म आइपुग्दा नेपाली सेनाको गौरव गर्न लायक संस्थाको रूपमा रहेको उनको भनाइ थियो । कलेजमा अन्तर्राष्ट्रिय विद्यार्थीसमेतको सहभागिताले अन्तर-सांस्कृतिक ज्ञान र अनुभवको आदानप्रदान गर्ने अवसर समेत उपलब्ध भएको उनले बताए ।

दक्ष एवम् योग्य प्रशिक्षक, छिमेकी एवं अन्य मित्रराष्ट्रका प्रतिनिधिहरूको सहभागिता, राम्रो हावापानी एवम् कलेजको रमणीय भौगोलिक अवस्थिति, सांस्कृतिक आदानप्रदान तथा अन्तरघुलन, लब्धप्रतिष्ठित विज्ञहरूसँग अन्तरक्रिया गर्ने अवसरले कलेजले छुट्टै पहिचान बनाएको आफूले पाएको उपप्रधानमन्त्री खड्काको कथन छ । उनले कलेजसँग सम्बन्धित चुनौती तथा समस्या समाधान गर्दै आगामी दिनमा कलेजको प्रभावकारी सञ्चालन, व्यवस्थापन एवम् सुरक्षाका लागि व्यावसायिक प्रशिक्षक, आधुनिक एवम् सुविधा सम्पन्न आवास व्यवस्थापनका लागि सहयोगको प्रतिबद्धता व्यक्त गरे । साथै शारीरिक अभ्यास, खेलकुद एवम् मनोरञ्जनात्मक व्यवस्थामा स्तरोन्नति, आवश्यकताअनुसार सिकाइलाई थप प्रभावकारी बनाउन वैदेशिक भ्रमणलगायतको व्यवस्थापनका लागि समेत सरकारका तर्फबाट पहल गर्ने उनको भनाइ छ ।

# श्रम समस्या समाधानको माग गर्दै प्रेस रजिष्ट्रारको कार्यालयमा महासंघको धर्ना

**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघले श्रमजीवी पत्रकारका श्रम समस्या समाधानका लागि दबाबस्वरुप प्रेस रजिष्ट्रारको कार्यालयमा धर्ना दिनुका साथै प्रेस रजिष्ट्रारलाई ध्यानाकर्षणपत्र बुझाएको छ । धर्ना कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलले पत्रकारिता क्षेत्रलाई श्रमशोषण मुक्त क्षेत्र घोषणा गर्ने महाअभियानमा महासंघ लागेको बताए । उनले पत्रकारका श्रम समस्यालाई सजिलै टुंग्याउन सकिने प्रक्रिया हुँदाहुँदै पनि राज्यका निकायहरुले नसुन्ने प्रवृत्ति बढ्दै गएका कारण सडकमा धर्ना तथा सामूहिक दबाबसहित आफ्नो आवाजलाई सरोकारवालासम्म पुऱ्याउन बाध्य भएको बताए ।



उनले पत्रकारिता क्षेत्र श्रमशोषित क्षेत्र हो कि भन्ने गलत भाष्य स्थापित हुन लागेको भन्दै यसले नयाँ पुस्तालाई यस क्षेत्रमा आउन निरुत्साहन गरेको बताए । उनले पत्रकारिता क्षेत्रलाई थप गुणस्तर बनाउन र श्रम शोषण मुक्त क्षेत्र बनाउनका लागि समेत आन्दोलन गर्न बाध्य भएको बताए ।

सूचना तथा प्रसारण विभागका महानिर्देशक तथा प्रेस रजिष्ट्रार शंकर नेपालले आफूले पाएको अधिकार क्षेत्रभित्र रहेर वार्ता, मेलमिलाप र मध्यस्थताका आधारमा पीडितलाई न्याय निरुपण गर्दै आएको बताए । उनले यी प्रक्रियाबाट समस्या हल नभए प्रचलित कानूनअनुसार अघि बढ्न आग्रह गरेको बताए । उनले प्रेस रजिष्ट्रारको तोकिएको भूमिका विभागले निर्वाह गर्दै आएको बताए । महासंघका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले नेपाली पत्रकारिता क्षेत्र श्रम अधिकार प्राप्तिको लडाँइमा रहेको बताए । उनले भने, 'कोभिडपछि श्रम समस्या निक्कै पेचिलो बन्दै आएको छ ।'

पत्रकारलाई सेवाबाट निकाल्ने, कानूनअनुसारका कुनै पनि सेवा सुविधा नदिने, काम गर्ने वातावरण नदिने, हतोत्साहित गर्ने र पत्रकारिता जस्तो प्राज्ञिक पेशामा अत्यन्तै गैरव्यवसायिक आचारण प्रकट भएको हुनाले, खासगरी सञ्चारगृह र कर्पोरेट भनिएका सञ्चारगृहबाट यस्तो खालको व्यवहार भएकाले महासंघले निरन्तर दबाब दिने, संवाद गर्ने, कानुनी लडाइँ लड्दासमेत उचित समाधान निस्किन नसकेको उनले बताए । उनले पत्रकारिता क्षेत्रमा देखिएको पेशागत असुरक्षाको वातावरण दिनानुदिन बढ्दै गहिरहेका कारण सञ्चारगृहमा पनि यस्तै खाले धर्ना दिने बताए ।

महासंघका केन्द्रीय सदस्य रामकृष्ण अधिकारीले श्रमजीवी पत्रकारले प्रेस रजिष्ट्रारको कार्यालयमा निवेदन दर्ता गर्नसमेत समस्या झेल्नुपरेको भन्दै यस्ता समस्या अन्त्य गर्न आग्रह गरे ।

नेपाल पत्रकार महासंघले श्रमजीवी पत्रकारको हक अधिकार स्थापित गर्न चरणबद्ध आन्दोलन घोषणा गरेको छ । सोहीअनुसार महासंघले शुक्रबार प्रेस रजिष्ट्रारको कार्यालय घेराउ गर्नुका साथै ज्ञापनपत्र बुझाएको हो । कार्यक्रममा महासंघका पदाधिकारी तथा केन्दीय सदस्यसहित सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

# पत्रकार हरि रिजालको निधन

**काठमाडौं/मस–** आर्थिक राष्ट्रिय दैनिकका प्रशासन प्रमुख पत्रकार हरिप्रसाद रिजालको निधन भएको छ । शुक्रबार बिहान ३ बजेर १२ मिनेटमा उनको थापाथलीस्थित नर्भिक हस्पिटलमा उपचारका क्रममा निधन भएको हो ।



बिहीबार राति रिजाललाई हृदयघात भएको थियो । हृदयघात भएपछि रिजाललाई परिवारले शुक्रबार बिहान २ बजे नर्भिक हस्पिटल पुऱ्याएका थिए । तर ३ बजेर १२ मिनेटमा चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए ।


धादिङको निलकण्ठ नगरपालिका(६ घर भएका ४३ वर्षीय रिजालका श्रीमती र ३ वर्षीया एक छोरी छन् । रिजाल आर्थिक दैनिकका अध्यक्ष प्रल्हाद रिजालका साइलो भाइ हुन् ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका साधारण सदस्यसमेत रहेका रिजालको शुक्रबार बिहान पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको पारिवारिक स्रोतले जानकारी दिएको छ ।

यसैबीच नेपाल पत्रकार महासंघले रिजालको निधनको खबरले महासंघ स्तब्ध र दुःखी भएको बताएको छ । महासंघले एक शोक वक्तव्य जारी गर्दै रिजालको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक जुझारु र उर्जाशील युवा पत्रकार तथा महासंघले सक्रिय सदस्य गुमाएको उल्लेख गरेको छ ।

महासंघले पत्रकार रिजालप्रति श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरेको छ । साथै महासंघले शोकको घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गरेको छ ।

# गृहसचिव र महानिरीक्षकबीच कार्यसम्पादन सम्झौता



**काठमाडौं/मस–** गृहसचिव दिनेश भट्टराई र प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरबीच कार्यसम्पादन सम्झौतामा हस्ताक्षर भएको छ । गृह मन्त्रालयमा शुक्रबार आयोजित समारोहमा गृह सचिव भट्टराई र प्रहरी महानिरीक्षक कुँवरले कार्यसम्पादन सम्झौतामा हस्ताक्षर गरी सम्झौता आदानप्रदानसमेत गरे ।

उक्त अवसरमा गृह सचिव भट्टराईले कार्यसम्पादन सम्झौताका विषय समग्रमा शान्ति सुरक्षा, सेवा प्रवाह, विकास निर्माण र सुशासनलगायत गृह मन्त्रालयका सम्पूर्ण जिम्मेवारी प्रतिविम्बित गरेको उल्लेख गरे ।

सम्झौता कार्यान्वयन गर्ने क्रममा गृह मन्त्रालयको नेतृत्वको तर्फबाट हुने सहजीकरण, नीतिगत मार्गनिर्देशनका साथै आवश्यक पर्ने स्रोत साधनको परिचालनमा समेत मन्त्रालयको साथ सहयोग र उच्चस्तरको समन्वय हुने उनले उल्लेख गरे ।

सम्झौतामा उल्लेख भएका विषय र सम्पादन गर्नुपर्ने कार्य उचित तरिकाले सम्पादन गर्नेतर्फ सबैको आ-आफ्नो सम्पूर्ण प्रयास, चिन्तन, क्रियाशीलता एवम् लगन उच्च हुने विश्वास उनले व्यक्त गरे ।

नेपाल सरकार गृह मन्त्रालयको कार्यक्षेत्र बमोजिमको कार्य सम्पादन गर्न सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १९ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ११ बमोजिम गृह सचिव भट्टराई र प्रहरी महानिरीक्षक कुँवरबीच उक्त सम्झौता भएको हो ।

# जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी पक्राउ



उदयपुर/मस- जबरजस्ती करणी मुद्दामा फरार रहेका एक प्रतिवादी उदयपुरमा पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय बेल्टारका प्रहरी निरीक्षक डम्बर विश्वकर्माको कमाण्डमा खटिएको प्रहरी टोलीले चौदन्डी नगरपालिका-७ भुल्केबाट ३५ वर्षीय राजु परियारलाई बिहीबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी नायव उपरीक्षक हरिनन्दन चौधरीले जानकारी दिए ।

२०७४ जेठ ८ गते ४० वर्षीया महिलालाई जबरजस्ती करणी गरी फरार रहेका परियारलाई जिल्ला अदालत उदयपुरले २०७९ वैशाख ७ गते ५ वर्ष कैद र ५५ हजार रुपैयाँ क्षतिपूर्तिको फैसला गरेको थियो । परियारलाई अदालत हाजिर गराएसँगै कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

# सहिद क्याम्पसमा साहित्यिक क्लबद्वारा कविता प्रतियोगिता सम्पन्न



**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, १९ साउन

रुपन्देहीको सैनामैना नगरपालिका ६ कलौनीस्थित सहिद नारायण पोखरेल रामापुर क्याम्पस र साहित्यिक क्लबको आयोजनामा शुक्रबार क्याम्पसमा कविता प्रतियोगिता सम्पन्न भएको छ । विद्यार्थीहरुभित्र रहेको काव्य क्षमता बाहिर ल्याउन कार्यक्रम गरिएको हो ।

अतिरिक्त क्रियाकलाप संयोजक प्रकाश आचार्यको अध्यक्षता तथा क्याम्पस प्रमुख हेमबहादुर थापाको प्रमुख आतिथ्यतामा कविता प्रतियोगिता सम्पन्न भएको हो ।

कार्यक्रममा उत्कृष्ट कविता रचना गर्दै अन्जली घिमिरे प्रथम हुन सफल भएकी छन् भने विशाल पौडेलले द्वितीय स्थान हासिल गरेका छन् । यस्तै गीता पराजुलीले तृतीय स्थान हासिल गरिन् । विद्यार्थीहरुको क्षमता अभिवृद्धिका लागि क्याम्पसले नियमितरुपमा विभिन्न कार्यक्रम गर्दै आइरहेको छ । कविता प्रतियोगिता कार्यक्रमको सञ्चालन साहित्य क्लबकी सदस्य विद्यार्थी शुशीला गौतमले गरेकी थिइन् ।

यस्तै रुपन्देहीको गैडहवा गाउँपालिका ८ मैनियामा रहेको जनता आधारभूत विद्यालयमा हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ । साप्ताहिक कार्यक्रमअन्तर्गत शुक्रबार उक्त कार्यक्रम गरिएको हो । विद्यार्थीहरुमा सामान्य ज्ञानको विकास गराउन र पढ्ने एवम् खोज्ने बानीको विकास गराउन हाजिरिजवाफ कार्यक्रम गरिएको विद्यालयका प्रधानाध्यापक सूर्यकुमार रिजालले जानकारी दिए ।

प्रतियोगितामा विद्यालयका विद्यार्थीहरुमध्ये कृष्ण विकको निलो समूह प्रथम भएको थियो भने एन्जल शर्माको नेतृत्वमा रहेको पहेंलो समूह द्वितीय भएको थियो । यस्तै शुशीला सुनारको नेतृत्वमा रहेको सेतो समूह तृतीय हुन सफल भएको थियो । कार्यक्रम विद्यालयको प्राङ्गणमा सम्पन्न भएको हो ।

# सिजन मिडियाले नेपालमा अन्तर्राष्ट्रिय अवार्ड कार्यक्रम गर्दै

काठमाडौं/मस- सिजन मिडियाले चौथो संस्करणको 'एशियन प्रोफेशनल अचिभमेन्ट अवार्ड २०२३ आयोजना गर्ने भएको छ । सिजन मिडियाले आफ्नो १५औं स्थापना दिवस तथा संविधान दिवस २०८० को अवसर पारेर असोज १५ गते काठमाडौंमा एशियाली देशका सफल व्यावसायिक व्यक्तित्वहरुलाई 'एशियन प्रोफेशनल अचिभमेन्ट अवार्ड २०२३' विषयक सम्मान तथा अवार्ड कार्यक्रम आयोजना गर्न लागेको हो ।




सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक र व्यावसायिक क्षेत्रमा सफल तथा क्रियाशील व्यक्तित्वको काम र मिहिनेतलाई अझै हौसला प्रदान गर्ने उद्देश्यले यसपटक विशेष सम्मान तथा अवार्ड कार्यक्रम गर्न लागिएको सिजन मिडियाले जनाएको छ ।

एशियन मुलुकमा विभिन्न पेशा व्यवसायमा कार्यरत सफल व्यक्तिलाई अवार्ड प्रदान गरी उनीहरुको काम गर्ने सोच, व्यावसायिक क्षमताको सम्मानका साथै सामाजिक दायित्वलाई प्रोत्साहन गर्न लागिएको मिडियाले बताएको छ ।

सन् २०१९ मा मलेसियामा सम्पन्न भएको प्रोफेशनल अचिभमेन्ट अवार्डको दोस्रो संस्करण कोभिडका कारण नेपालमा नै आयोजना गरिएको थियो । तेस्रो संस्करण दुबईमा सम्पन्न भएको थियो । यस वर्षको कार्यक्रम नेपाललगायत एशियन मुलका विभिन्न व्यावसायिक व्यक्तित्वहरुलाई नेपालमा आमन्त्रण गरी सम्पन्न गर्ने लक्ष्य राखिएको मिडियाले जनाएको छ ।

सिजन मिडियाका अध्यक्ष प्रदीपराज वन्तले सामाजिक, राजनैतिक, सांस्कृतिक, शैक्षिकलगायत विभिन्न क्षेत्रमा दश वर्ष भन्दा वढी समय निरन्तर काम गरी सफलता प्राप्त गरेका र हाल विभिन्न काममा क्रियाशील रहिरहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वलाई प्रोत्साहित गर्ने उद्देश्यले यो अवार्ड प्रदान गर्न लागिएको जानकारी दिए । 'सबै व्यावसायिक क्षेत्रका सम्मानित व्यतित्वहरुलाई अझै हौसला जागृत गर्न अवार्ड कार्यक्रम गर्दैछौं । यसले नयाँ पुस्तालाई प्रेरणा दिनेछ भन्ने विश्वास लिएका छौं,' उनले भने ।

## सुन...

मागेपछि प्रहरी प्रधान कार्यालय, नक्सालले एसपी कृष्ण पंगेनीलाई पठाएको थियो । हालसम्म अनुसन्धानमा एक जना प्रहरी मात्रै समावेश थिए ।

यो प्रकरणमा हालसम्म १८ जना पक्राउ परिसकेका छन् भने सुन तस्करीका लागि प्रयोग भएका घर र गोदाममा पनि राजस्व अनुसन्धानले छापा मारिरहेको छ । हङकङबाट जहाजमा कार्गो गरी स्कुटरका ब्रेक सु भित्र लुकाएर ल्याइएको तस्करीको क्विन्टल सुन विमानस्थल भन्सार जाँच पास पार गरेर सिनामंगल सडकमा पुगेपछि बरामद भएको थियो । भन्सार जाँच पास गरिएका शंकास्पद सामान खोलेर हेर्दा ब्रेक सुभित्र लुकाइएको सुनसहित दुई जना पक्राउ परेका थिए ।

अनुसन्धानकै क्रममा नेपालमा सन्दिग्ध रुपमा बस्दै आएका तिब्बती मूलका बेल्जियन नागरिक दावा छिरिङ ठमेलबाट पक्राउ परे । त्यसअघि चिनियाँ र भारतीय एक-एक जना लाजिम्पाट र विमानस्थलबाट समातिए । ४ जना भन्सार एजेन्ट, रेडी ट्रेडका सञ्चालकसहित अरू १२ जना पनि पक्राउ परे । तर, सुन तस्करीका मूल लगानी कर्ता र खरिदकर्ताको पहिचान बाहिर आएको छैन ।

## आफ्नै...

बताए । प्रधानमन्त्री प्रचण्डले सुन तस्करी प्रकरण र छानबिनमा कुनै प्रकारको राजनीतिक हस्तक्षेप नहुने पनि दोहोऱ्याएका छन् । 'अनुसन्धानको प्रक्रियामा जोसुकै आए पनि अगाडी बढ्न निर्देशन दिएको छु । आफ्नै नाम आए पनि अनुसन्धान अघि बढाइने छ ।'

## सीआइबीले...

उनले सो प्रकरणमा राष्ट्रिय, अन्तराष्ट्रिय गिरोह समावेश भएको भन्दै छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्नुपर्ने बताए । उनी भन्छन्, 'सुन तस्करी प्रकरणको छानबिन सीआइबीले गर्न सक्दैन । यो प्रकरणमा राष्ट्रिय, अन्तराष्ट्रिय गिरोह समावेश छ । यसकारण उच्चस्तरीय आयोग गठन गर्न आवश्यक छ ।'

सांसद श्रेष्ठले सुन तस्करी प्रकरणलाई सरकारले खेलाँची गरिरहेको बताए । उनले हालसम्म मुख्य मान्छेलाई समात्न नसकेको भन्दै सरकारको कार्यशैलीमाथि प्रश्न उठाए ।

सांसद श्रेष्ठले सरकारले प्रचारबाजी मात्रै गरिरहेको उल्लेख गर्दै प्रचारबाजी बन्द गरेर सबै प्रकरणहरुको ठिक ढंगले छानबिन गर्नुपर्ने बताए ।

## अन्तरदेशी...

आयो । अन्तरदेशीय अपराध देखियो । मिलेमतो, संरक्षण जस्ता कयौं कसूरहरु यसमा देखिए ।' सभापति लामिछानेले भने । उनले यो प्रकरणलाई छानबिन गर्न आयोगको आवश्यकता रहेको पनि बताए ।

'म अनुरोध गर्न चाहाछु, छानबिन अगाडी बढाउनका लागि आजकै बैठकले निर्देशन दिनुर्पयो । जाँचबुझ आयोगको आवश्यकता छ, छैन । छलफलका लागि साथीहरुलाई आग्रह गर्न चाहन्छु' सभापति लामिछानेले भनेका छन्, 'आवश्यकता छ जस्तो मलाई लाग्छ ।'

## कैदी...

गरेका कारण एक घण्टासम्म प्रहरीलाई समेत भित्र जान दिएका थिएनन् ।

प्रजिअ पोखरेलले घटनामा कुनै मानवीय क्षति नभएको बताए । कैदीबन्दीले हुलदङ्गा मच्चाएपछि स्थानीय प्रशासनले कर्तव्य ज्यानका कैदी मनोज लावतीलाई कारागारभित्रै पठाएको छ । उनीभित्र गएपछि कैदीबन्दीले ढुंगामुढा बन्द गरेका हुन् ।

## अभिमुखीकरण...

२०७६ को पालना नगरेको पाइएको विभागले जनाएको छ । कर्मचारी विवरण अद्यावधिक नगरे यस्तो संस्थालाई कारबाही हुने विभागले विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

मलेसियामा रोजगार | कम्पनी : PLATINUM 2 SECURITY SERVICES (M) SDN BHD
शहर: Malaysia, Selangor

पूर्व स्वीकृत मितिः २०८०/०४/१९ चलानी नं.: ६०२०५६६२ LT. No.: 290544

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Security Guard | 23 | 0 | स. काममा दक्ष | 1500 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० साउन २७ गते (12 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Apollo Manpower Services Pvt. Ltd.
Pinglasthan-9, Gausala, Kathmandu, Tel: 5901748 Fax: 4490042
E-mail : amps@mos.com.np, info@apollomanpower.com
apollomanpower2017@gmail.com, Web : apollomanpower.com
श्रम इजाजत पत्र नं.: २२/०४८/०४९

# सुन्दरहरैंचाका लेखा अधिकृत ढकालविरुद्ध भ्रष्टाचार मुद्दा



काठमाडौं/मस- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मोरङको सुन्दरहरैंचा नगरपालिकाका लेखा अधिकृतविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारले घुस लिएर भ्रष्टाचार गरेको आरोपमा सुन्दरहरैंचा नगरपालिकाका लेखा अधिकृत शेखर ढकालविरुद्ध शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

यसअघि अख्तियार इटहरीको टोलीले असार २२ गते लेखा अधिकृत ढकाललाई दुई लाख रुपैयाँ घुस रकमसहित पक्राउ गरेको थियो । ढकालले सुन्दरहरैंचा नगरपालिका र वडा कार्यालयहरुमा विद्युतीय उपकरण एवम् सोलार जडान तथा मर्मत कार्यको भुक्तानी प्रयोजनका लागि सेवाग्राहीसँग दुई लाख रुपैयाँ घुस लिएको पुष्टि भएकाले उनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।ढकालविरुद्ध दुई लाख रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवानाको सजाय र ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय हुन मागदाबी लिइएको अख्तियारका प्रवक्ता दाहालले बताए ।

# एनसीसी कतारको नेतृत्वमा पराजित समूहद्वारा बाढी पीडितलाई सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १९ साउन



एनसीसी कतारको गत बिहीबार र शुक्रबार सम्पन्न निर्वाचनमा पराजित समूहले चितवनको नारायणी नदीमा आएको बाढीबाट पीडित बनेका परिवारलाई सहयोग स्वरूप नेपाली २० हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ । भारी वर्षाका कारण आएको बाढीपहिरोका कारण पीडित बनेका परिवारहरूको दुःखमा मलहमपट्टी लगाउने उद्देश्यले निर्वाचनमा सहभागी उम्मेदवारहरुले व्यक्तिगतरूपमा संकलन गरी आर्थिक सहयोग जुटाएको समीक्षा बैठकमा जानकारी दिइयो ।

एनसीसी कतारको निर्वाचनमा निवर्तमान महासचिव पदम गिरीको नेतृत्वमा निर्वाचनमा होमिएको थियो । उक्त समूहको उम्मेदवारहरूको उपस्थितिमा सम्पन्न बैठकले निर्वाचन प्रक्रिया र परिणामसम्बन्धी बृहत्रूपमा समीक्षा गर्दै आफ्नो टिममा भएका कमी कमजोरी र आगामी दिनमा समाजप्रति खेल्नुपर्ने भूमिकाबारे घनिभूत छलफल भएको थियो । बैठकले एनसीसीको नेतृत्वमा पुगेका टिमको गुण र दोषको आधारमा समर्थन र विरोध गर्ने रणनीति लिँदै, नेतृत्व बाहिर भएपनि कतारस्थित नेपाली समाजमा हर तवरबाट जोडिएर सामाजिक कार्यक्रम र गतिविधि अघि बढाउने निष्कर्ष निकालेको छ ।

लोकतान्त्रिक पद्धतिमा सहभागी भएपछि हारजित पनि हुने र नतिजालाई सहज लिनुपर्ने साथै नेतृत्वदायी भूमिकाबाट बाहिर भएपनि समाजप्रतिको जिम्मेवारी र भूमिकाबाट टाढा हुन नसक्ने निचोड समीक्षा बैठकले निकालेको छ । अध्यक्षका प्रत्याशी गिरीले पराजित उम्मेदवारहरूलाई चुनावी नतिजाबाट निराश नभइ उच्च मनोबलका साथ सामाजिक कार्यमा लाग्न आग्रह गर्दै आगामी दिनमा समुदायप्रति गर्नुपर्ने कार्यहरूको रोडम्याप प्रस्तुत गरेका थिए । समाजमा देखिने र प्रष्ट आभास हुने गरी सामाजिक गतिविधिहरू अघि बढाइने जानकारी गराउँदै जिम्मेवारी बाँटफाँट गरिने भएको हुँदा सबैलाई तयारी अवस्थामा रहन गिरीले आग्रह गरेका थिए ।

# अतिथि सदन गृहलाई होटलको रुपमा सञ्चालन नगर्न स्थानीयको आग्रह



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १९ साउन

उदयपुरमा रहेको अतिथि सदन गृहमा होटल सञ्चालन नगर्न स्थानीयवासीले आग्रह गरेका छन् । जिल्लाको रौतामाई गाउँपालिका-६ स्थित पर्यटकीय धार्मिकस्थल रौता चिसापानीमा निर्माण भएको अतिथि सदन गृहमा होटल सञ्चालन नगर्न स्थानीयवासीले आग्रह गरेका हुन् ।

रौतामाई गाउँपालिकाको पर्यटकीय धार्मिकस्थलमा निर्माण भएको अतिथि सदन भवनमा होटल सञ्चालन गर्ने निर्णयविरुद्ध स्थानीयले विरोध जनाउँदै आएका छन् । गाउँपालिकाको अन्य आयस्रोतको बाटोसमेत रहेकाले आयस्रोतको नाममा पवित्र धार्मिकस्थललाई होटल सञ्चालन गरेर अपवित्र बनाउन नहुने स्थानीय सुरेश राईले बताए । राईले अतिथि सदनको नाममा निर्माण भएको भवनलाई होटलको रुपमा सञ्चालन गर्दा यहाँका स्थानीय होटललाई पनि असर पर्ने बताए ।

यस किसिमका कार्य सञ्चालन नगर्न-नगराउन माग गर्दै स्थानीय युवाहरुले बिहीबार रौतामाई गाउँपालिका वडा नं ६ का वडा अध्यक्ष पृथ्वी राईलाई ज्ञापनपत्र पनि बुझाएका छन् ।

गाउँपालिकाले २०७९ चैत २१ गते उक्त अतिथि सदन गृहमा सभाहल र एक क्यान्टिन सञ्चालन गर्ने उद्देश्यले ३० दिने सूचना प्रकाशित गरेको थियो । सो सूचनालाई बेवास्ता गरेर बिनाप्रतिस्पर्धा होटल सञ्चालन गर्न जिम्मा दिइएको बुझिएको छ ।

अतिथि सदन भवनलाई होटलकै रुपमा या अन्यरुपमा सञ्चालन गर्ने विषयमा छलफल भइरहेको रौतामाई-६ का वडा अध्यक्ष राईले मध्यान्हलाई बताए । उनले यो क्षेत्र पर्यटकीय स्थल भएकाले सबै खालका पर्यटक, उच्च तहका मानिसहरु आउने हुँदा हरेक पक्षलाई ध्यानमा राखेर उक्त भवन सञ्चालन गरिने बताए । उनले भवन सञ्चालनसँगै यस पर्यटकीय स्थललाई कसरी स्थापित गराउने भन्नेमा आफूहरुको ध्यान केन्द्रित रहेको बताए ।

मध्यान्हसँगको टेलिफोन कुराकानीमा रौतामाई गाउँपालिकाका अध्यक्ष वीरेन्द्र कुमार मगरले होटल खोल्न सकिने संकेत दिँदै को-कसले के भन्छ भन्दा पनि गाउँपालिकाले हरेक विकास निर्माणको कार्यसँगै गाउँपालिकाको समग्र हितमा रहेर काम गर्ने बताए । हरेक सरकारी, निजी, एनजीओका कार्यक्रमका साथै पर्यटकका लागि लक्षित गरेर अतिथि सदनलाई सञ्चालन गरिने उनको भनाइ छ । उनले संघीय बजेटअन्तर्गत ५ वर्षदेखि निर्माण गरिएको अतिथि सदन भवनको निर्माण लागत अनुमानित ८ करोड रुपैयाँ रहेको जानकारी दिए ।

# तामाकोशीमा आँखा केन्द्र स्थापना

**ईश्वर विश्वकर्मा/मध्यान्ह**
चरिकोट, १९ साउन



दोलखाको तामाकोशी गाउँपालिका-४ मालुमा ग्रामीण आँखा केन्द्र सञ्चालनमा आएको छ । तिलगंगा आँखा प्रतिष्ठान र पालिकाको सहकार्यमा मंगलबारदेखि केन्द्र सञ्चालनमा आएको हो ।

पालिका अध्यक्ष प्रोण प्रताप केसीले पछिल्लो समय आँखाका रोगीहरु बढ्न थालेकाले उनीहरुलाई गाउँमै उपचार एवम् परामर्श सेवा लिन सहज होस् भनेर केन्द्र सञ्चालनमा ल्याइएको बताए । उनका अनुसार भवनसहित आवश्यक सामग्री पालिकाले उपलब्ध गराएपछि केन्द्र सञ्चालनमा आएको हो । केन्द्र सञ्चालनमा ल्याउन करिब १५ लाख रुपैयाँ लागेको उनले जानकारी दिए ।

केन्द्रले सहुलियत शुल्कमा आँखा परीक्षण, मोतिया बिन्दुको पहिचान, औषधि र चस्मासहित परामर्श सेवा उपलब्ध गराउने छ । केन्द्रमा एक जना नेत्र सहायक र एक जना कार्यालय सहयोगी कार्यरत छन् ।

अध्यक्ष केसीले दृष्टिबिना संसार अन्धकार हुने भएकोले यसको सुरक्षासँगै बेला बेलामा जचाएमा दृष्टिविहीनताबाट जोगिन मद्दत मिल्ने बताए । उनले अब आँखासम्बन्धी कुनै समस्या भए केन्द्रमा आएपछि समाधान मिल्ने भन्दै आँखा बिरामीलाई सेवा लिन अनुरोध गरे । आँखाको समस्या आइपर्दा मोटो रकम तिरेर सदरमुकाम वा राजधानी जान नपर्ने भएपछि पालिकावासी खुसी भएका छन् ।

# एसईईमा उत्कृष्ट हुने विद्यार्थीलाई सम्मान

२०७९ को माध्यमिक शिक्षा परीक्षा (एसईई)मा उत्कृष्ट हुने २० जना विद्यार्थीलाई सम्मान गरिएको छ । नेकपा एमाले निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)ले शुक्रबार विद्यार्थीहरुलाई सम्मान गरेको हो ।

चरिकोटमा आयोजित कार्यक्रममा अनेरास्ववियुका केन्द्रीय महासचिव नरेश रोकाय, नेकपा एमालेका जिल्ला अध्यक्ष नरबहादुर श्रेष्ठलगायतले सम्मानपत्रले उत्कृष्ट विद्यार्थी तथा अविभावकलाई सम्मान गरेका हुन् ।

थप उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गर्न प्रोत्साहन मिलोस् भन्ने उद्देश्यले सम्मान गरिएको अनेरास्ववियु दोलखाका सहसंयोजक आरसी खड्काले बताए । उनका अनुसार नौ स्थानीय तहका सामुदायिक विद्यालयबाट उत्कृष्ट हुने एक छात्रा र छात्र गरी नौ पालिकाको १८ जना र जिल्ला उत्कृष्ट हुने एक छात्र, एक छात्रा गरी २० जनालाई सम्मान गरिएको हो । उत्कृष्ट विद्यार्थीहरुलाई अध्ययनमा अझै उत्कृष्टता कायम राख्न प्रोत्साहनस्वरुप सम्मानित गरिएको उनले बताए ।


**बागमती प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**धादिङ अस्पताल, धादिङ**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०४/२०)**

यस अस्पतालको लागि आ.व.२०८०/०८१ मा आवश्यक ल्याब संग सम्बन्धित केमिकल र रिएजेन्ट, एक्सरे फिल्म तथा अन्य सामग्रीहरु खरिद गर्नको लागि बोलपत्र आह्वान गरिएको छ । कार्यालयमा सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र ब्यबसाय दर्ता प्रमाण पत्र एवं मूल्य अभिबृदि कर (VAT) मा दर्ता भएका इच्छुक फर्म, कम्पनी वा सप्लार्यसले प्रति ठेक्काको लागि रू.३०००।- (अक्षेरुपी तिन हजार रुपैयाँ फिर्ता नहुने गरि) बुझाई यस कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सक्नेछ । कार्यालयमा सूचना प्रकाशन भएको मितिले ३१ औं दिन, दिनको ठीक १२:०० बजेभित्र बोलपत्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । रीतपूर्वक पर्न आएका बोलपत्र सोही दिन, दिनको ठीक २:०० बजे यस कार्यालयमा खोलिने छ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो सम्बन्धी कार्य तत् पश्चात कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । बोलपत्रमा उल्लेखित परिमाणको अलवा अस्पतालको आवश्यकता अनुशारको थप परिमाण स्वीकृत दर रेटमा नैं सामग्रीहरु उपलब्ध गराउनुपर्ने छ । यस सूचनामा उल्लेख भएका कुराहरु उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरू बोलपत्रको शर्तहरु, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित नेपालको कानून बमोजिम हुनेछ । विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटीमा हेर्नुहुन तथा कार्यालय समयमा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ ।

**तपशिलः**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान भ्याट बाहेक रु | विडबण्ड बापतको रकम रु | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| 1 | DHD/DHADING/ 01/080-81 | ल्याब संग सम्बन्धित केमिकल तथा अन्य सामग्रीहरु आपूर्ति गर्ने कार्य | ५३,००,१५७१६ | १,५८,५००।०० | ३,०००।०० |
| 2 | DHD/DHADING/ 02/080-81 | एक्सरे मेशिनको लागि एक्सरे फिल्म आपूर्ति गर्ने कार्य | ४२,१०,१६६।६७ | १,२५,९००।०० | ३०००।०० |

**नि. मेडिकल सुपरिन्टेन्डेण्ट**



**प्रादेशिक सडक डिभिजन कार्यालय**
**बागमति प्रदेश, धादिङ्ग, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०४/२०**

यस कार्यालयको मिति २०८०/०४/१५ मा खोलिएका तपशिलमा उल्लेखित आयोजनाको बोलपत्रदाताको बोलपत्र न्यूनतम र सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोहि ऐन को दफा ४७ को उपदफा १ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं | ठेक्का नम्बर | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | जम्मा कवोल अंक (भ्याट तथा PS सहित) रु. |
|---|---|---|---|---|
| 1 | PRDODHA/ W/NCB/MYR 06/2079/80 | Road Connecting Lisne Khola to Rubi Valley Rural Muncipality (0+000 at Lisne Bridge to 4+450 Km) | M/s A.D. Builders, Bouddha-6, Kathmandu | 5,38,88,682.76/- |

**कार्यालय प्रमुख**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६७/११/०९ मा दर्ता भएको **प्रा.लि. नं. ८०८१८** को **प्रतिक्षा इन्टरनेशनल प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**भावपूर्ण श्रद्धाञ्जली**



**स्वर्गीय डम्वर कुमारी पाण्डे**

नेपाली जनप्रगतीशिल मंच मलेसियाका अध्यक्ष, एनआरएन अभियन्ता र हाम्रा अभिभावक आदरणिय दाई प्रेम पाण्डेको ममतामयी माता **डम्वर कुमारी पाण्डे**को असामयिक निधन भएको खवरले अत्यन्तै दुखित भएका छौं । यस दुःखद घडीमा आमाको आत्माको चिर शान्तीको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त पाण्डे परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

**हरि डाँगी**
अध्यक्ष
**ब्लु ओसियन रिक्रुटमेन्ट प्रा.लि. परिवार**



**JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?**

**यहाँ** JAPAN **र** KOREA **मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।**

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
**सम्पर्कः** 01-4958923 / 01-4952044
**मोः** 9741818340 ( WhatsApp/Viber )



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०४/११ मा दर्ता भएको **प्रा.लि. नं. १९४२६१** को **रियल वर्ल्ड विर्तामोड कन्सल्टेन्सी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

साहित्य-विचार

# जीवन्त छन् नेपाली नाटक



■ प्रा. डा. सावित्री कक्षपति

नेपाली समाजको चेतनास्तर निर्माण गर्न र वाक स्वतन्त्रतामार्फत प्रजातन्त्र ल्याउन नाटक विधाले गरेको योगदानको हिसाब कसले राख्ने ? यही पृष्ठभूमिको पछिल्लो दृष्टान्त संविधानसभा निर्वाचनलाई नै लिन सकिन्छ । नेपालमा पहिलो पटक वि.सं. २०६४ मा भएको संविधानसभाको निर्वाचनमा बढीभन्दा बढी नागरिकलाई मतदानका लागि तयार पार्ने काम सडक नाटकले नै गरेको हो । जनताले पाउने संविधान कस्तो हुनुपर्छ र सबै नागरिक यो महानिर्वाचनमा किन सहभागी हुनुपर्छ भन्ने विषयमा प्रस्तुत गरिएको सडक नाटकले नेपालका गाउँ तथा कुना कन्दरासम्म सकारात्मक सन्देश पुऱ्याएको थियो । यसकारण धेरै मत खसेको र सबै नागरिकले आफ्नो मताधिकारको प्रयोग गर्न मतदान केन्द्रसम्म पुगेका थिए भनेर यसको प्रारम्भिक अनुसन्धानमा संलग्नहरुको प्रतिक्रिया हामीले सुनेका हौं ।

नेपाली नाट्य क्षेत्रका एक बादशाह अशेष मल्लले लेखेको नाटक उनकै निर्देशनबाट देशव्यापी प्रदर्शन गरिएको थियो । संसारका अरु देशमा खोज्दा पनि यस्तो उदाहरण सायदै कतै भेटिन्छ होला कि एउटै सन्देशको नाटक एकै समयमा देशका सबै वडा/वडामा प्रदर्शन गरिएको थियो । नेपालमा नाट्य क्षेत्रकै इतिहासमा यो एक ऐतिहासिक क्षण हो । निर्वाचन आयोगले सर्वनाम, आरोहण र कुसुमलाई नाटकबाट प्रचार गर्न गरेको आग्रहलाई मानी सर्वनामको सहयोगमा यसलाई देशव्यापी बन्यो । जसका कारण देशव्यापीरुपमा संविधानसभाको आवश्यकता र महत्वको सन्देश पुग्यो । यस निर्वाचनमा कसरी चुनाव प्रचार गर्ने, कसरी मतदान गर्ने, मतदान किन गर्ने, संविधान सभापछि कसरी नागरिकको अधिकार स्थापित हुन्छ भन्ने कैयौं प्रश्नका जवाफ र सकारात्मक सन्देशहरु समेटिएको थियो । मतपत्र बोकेर घरघरमा गएको, मतदान गर्न सिकाएको र कसरी मतदान गर्ने र नागरिकले के पाउँछन् भन्ने जानकारीहरु सडक नटकमा समेटिएकाले नागरिकको व्यापक सहभागिता भयो ।

त्यस समय निर्वाचन आयोगले नै सडक नाटकको महत्वलाई बुझ्ेर यो अनुरोध गरेको थियो र यसको प्रभाव पनि देखियो । त्यो पहिलो संविधानसभाले संविधान लेख्न सकेन र पछि आएर अर्को निर्वाचन पनि गर्नुपऱ्यो । त्यतिबेला भने अशेष मल्लले पुनः नाटक लिएर जान मानेनन् । पहिलो संविधानसभामा जनतामा जगाइएका आशाहरु मरिसकेको थियो र र जनतामा राजनीतिक अस्थिरताको निराशा पलाएका खबरहरु सञ्चारमाध्यमले नै सम्प्रेषण गरिरहेका थिए ।

कुनै पनि देशको सामाजिक रुपान्तरणका अवयवहरु धेरै हुन्छन् र तिनले त्यस देशमा नागरिकका हक अधिकारका क्षेत्रमा आवाज बुलन्द गरेका र गर्न सिकाएका हुन्छन् । नेपालमा पनि जहानियाँ राणा शासनदेखि पञ्चायत हुँदै बहुदलीय व्यवस्था र वर्तमान गणतान्त्रिक शासन व्यवस्थासम्म आइपुग्दा धेरै राजनीतिक उतारचढाव आए । ती सबै जनताले देखे र भोगे । उनीहरुका आँखै अगाडि धेरै परिवर्तन पनि भए । तर कसरी ? पत्रकारिता, साहित्य, चलचित्र, राजनीतिकर्म आदि क्षेत्र हुन् जसले मुलुकको रुपान्तरणमा भूमिका निर्वाह गरेका छन् र ती सबैभन्दा जीवन्त र प्रभावकारी माध्यम नाटक नै थियो । अहिले पनि नागरिकमा चेतना जागृत गरी देशमा आमूल परिवर्तन ल्याउन नाटकको सहयोग सार्थक हुनसक्छ, अहिले पनि नाटकको प्रभाव विगतकोभन्दा घटेको छैन ।

### ■ प्रजातन्त्रका लागि नाटक

वि.सं. २०३६ को जनमत संग्रह पहिले तत्कालीन राजाले संविधान संशोधन गरे र नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लाग्यो । यो कुरा जनतालाई थाहा त थियो तर बोल्ने कसरी ? राजनीतिक व्यवस्था पञ्चायती अनि राजनीतिह दलमाथि प्रतिबन्ध नै थियो । जनताले आफ्ना भावना र मनको कुरा बोल्ने कसरी ? त्यतिबेला नागरिकसम्म पुग्ने अश्त्र अर्थात् माध्यम थिए नाटक, साहित्य, पत्रकारिता, चलचित्र अनि हाँस्यव्यङ्ग्य । त्यतिबेला पनि नाटकले जनता जगाउने काम गरेको छ ।

वि.सं. २०३३ मा तुवाँलोले ढाकेको बस्ती भन्ने नाटकले राजधानी काठमाडौंमै तहल्का मच्चाएको थियो । नागरिकले रंगमञ्चमा आफ्ना कथा हेर्न खोजेका रहेछन् । किनभने ती कथालाई रंगमञ्चमा देखाउँदा आफ्नै जीवनशैली र कथा व्यथा पाएको अनुभूति उनीहरुले गरे । तर एकेडेमीमा दरबारका कुराहरु मात्रै देखाइन्थे, ठूलाबडाका कथाहरु मात्र सुनाइन्थे । मोफसलबाट आए कलाकर्मीहरु । जस्तो दार्जिलिङबाट मनबहादुर मुखिया आए देउराली नाटक लिएर । उता धनकुटाबाट अशेष मल्ल आए समूह लिएर । देउरालीमा हाम्रै गाउँघरमा भएका कथा पनि रंगमञ्चमा हेर्न पाइन्छ भनेर आए दर्शक । त्यसबेला त्यो नाटक हेर्न कमलादी मान्दिरमा बिहान ४ बजेदेखि लाइन बसेर टिकट किनेको मलाई सम्झाना छ । तर केन्द्रमा नाटक देखाउने र हेर्ने बढी थिए तर गाउँमा थिएनन् । पछि सडक नाटकको अवधारणाका साथ आएका अशेष मल्लले सडक नाटकबाटै सडक तताएको देखिएको थियो ।

वि.सं. २०३६ को जनमत संग्रहकै सेरोफेरोमा 'हामी वसन्त खोजिरहेका छौं' सडक नाटक प्रदर्शन भयो । अशेष मल्लको यस नाटकबाट मानिसले मनोरञ्जन लिन सकिन्छ भन्ने दर्शकले बुझ्े । जनमत संग्रहमा यतिधेरै मत बहुदलवादीहरुको



आउन तथा पञ्चायतले झिनो मतले मात्र जित्नमा यी नाटककै योगदान छ । वि.सं. २०३६ को जनमत संग्रह घोषणा भएपछि सडक कविता क्रान्ति गर्नुपर्छ भनेर मल्ललगायत अरु पनि अए । यो नाटकमा नागरिकका लागि प्रशस्त मनोरञ्जन थियो अनि जनचेतनामूलक सन्देशहरु पनि ।

यसले नागरिकलाई आफ्ना अधिकारहरु लिनका लागि उनीहरुलाई जागरुक गराउने प्रयत्न गरेको थियो । त्यो सन्देश स्पष्टै बुझिन्थ्यो । त्यस्तै सडक कविता क्रान्तिका अभियानबाट पनि गाउँ गाउँमा पुगिएको थियो । मलाई सम्झना छ एकपटक धुनकुटामा त 'गो ब्याक अशेष' भनेर नारा नै लगाएका थिए । यस्तै त्यसबेलाको प्रहरी प्रशासनले कवि कलाकारहरुका पछिपछि गुप्तचर नै लगाएका थिए । मलाई लाग्छ २०४६ को जनआन्दोलनलाई सडक कविताले नै प्रोत्साहन गरेको हो । सडक कविता तथा सडक नाटकका माध्यमबाट नागरिकले आफ्ना अधिकार र प्रजातन्त्रका बारेमा धेरै कुरा बुझ्े । गाउँमा पुगेको सन्देशले धेरै मानिसलाई नागरिक अधिकार र प्रजातन्त्रका बारेमा बुझ्न सहज पनि बनायो । सडक नाटकहरु पुलिस क्लबमा, बन्द रंगमञ्चमा, सडकमा, एकेडेमीमा देखाइयो र सबैले मन पराए । जनमत संग्रहपछि वि.सं. २०३८ पछि सर्वनाम नाट्य समूह खुल्यो र छोटै समयमा निकै चर्चामा आयो ।

यसरी नेपालमा नेपाली नागरिकको चेतनाको स्तर बृद्धि भएको नाटककै कारणबाट हो भन्ने मलाई लाग्दछ । सडक नाटकले नागरिकस्तरको अधिकार प्राप्तिका लागि ठूलै सहयोग गरेको छ । वि.सं. २०४६ मा नेपाली नागरिक तथा विभिन्न क्षेत्र र वर्गलाई जनआन्दोलनका लागि तयार पार्ने काममा अरु अवयबहरुका साथै नाटकको पनि योगदान छ । त्यतिबेला त नाटक हेर्न नागरिक सडकमा जाने होइन कि नाटक नागरिकमाझ जानुपर्छ भन्ने उदेश्यले सडक नाटक नागरिक माझमा पुग्दा जनता जगाउन सघाएको छ । उबेला हामीले भन्थ्यौं प्रहरीको बन्दुकभन्दा पनि बलियो सडक नाटक बनेको छ, जसले बन्दुकको भन्दा शक्तिशाली काम गरेको छ । नागरिक बन्दुकको अघि करले बोल्थे या बोल्दैनथे । तर नाटकले जनताको मन जितेको थियो र नागरिक स्वतन्त्रताका लागि भित्रैदेखि तयार पारेको थियो । यति प्रभावकारी विधालाई अहिलेका सरकारहरुले कसरी प्रयोग गर्ने ? यो उनीहरुले नै बुझ्नुपर्ने कुरा हो ।

### ■ के हो नाटक ?

नाटक जीवन हो । जीवनलाई हेर्ने एउटा जिवन्त ऐना नाटक हो । शब्द कुन प्रयोग गर्छौं, कस्तो खालको शब्दबाट नाटकलाई हामी प्रस्ट्याउने प्रयत्न गर्छौं त्यसमा भर पर्छ, तर नाटक भनेको मानवीय जीवनलाई नै जीवन्तता प्रदान गर्ने एउटा औजार हो । लेखकले समाजलाई जुन सन्देश तथा मनोरञ्जन दिने ध्येयले नाटक लेखेको हुन्छ त्यसलाई जस्ताको जस्तै उतार्न सक्यौं भनेमात्र त्यसले जीवन्तता दिन्छ । राम्रो अभिनयले पनि नाटकमा त्यसको जीवन भर्दछ । खास त दर्शकले अभिनय नै हेर्ने हो । जसले नाटकको कथा बुझ्ेको पढेको छैन उसले पनि अभिनय हेरेर त्यसैबाट सबै सन्देश ग्रहण गर्ने गर्दछ । त्यसैले नाटकलाई अभिनयले जीवन्तता दिन्छ ।

### कस्ता छन् अहिलेका नाटक ?

अहिले पनि देशमा विभिन्न संघसंस्थाको सहयोगमा सडक नाटक प्रस्तुत भइरहेका छन् । पछिल्लो समयमा सडक नाटकमा अहिले कलात्मक सौन्दर्यका नारा बढी तर नाटकीय शिल्प कम गरिएका छन् जस्तो मलाई लाग्छ । अहिले पनि नाटकमा अत्यन्त ऊर्जाशील रंगकर्मीहरु आएका छन् । सरकारकातर्फबाट भने खासै सहयोग भएको देखिँदैन । हो, अहिलेका नाटक नाटक जस्तै देखिएका छन् ।

> हाम्रा नाटकमा गाउँ र सहर दुवै छ अनि कला र वास्तविकता समेटिएको हुन्छ । हाम्रो देशको अद्वितीय कला संस्कृति, भेषभूषा, जातीय भाषिक विविधता र हाम्रो अलौकिक भौगोलिक बनावट पनि हुनसक्छ, हाम्रा नाटक विश्वका दर्शकले आफ्नै कथा मानेर हेर्न सक्ने बताउने गरेका छन् ।

सबैमा आ-आफ्नै रुचि हुन्छन्, तर कलात्मक शैलीमा हाम्रा कुरा, हाम्रो अवस्था, हाम्रो व्यवस्था, हाम्रो संस्कार, हामीलाई चिनाउनुपर्छ । हामी कसरी बाँचेका छौं, हाम्रो अग्रगामी चिन्तन के छ, त्यो विषयलाई जनतासमक्ष देखाउनु राम्रो हुन्छ । जस्तो कि अहिले त समाजमा विषय धेरै छन् अनि जनतामा पुऱ्याउनुपर्ने काम र सन्देश पनि धेरै छन् । मलका कुरा, बिरुवा रोप्ने कुरा, राजनीति र यसका विकृति एवं परिवर्तनका कुरा, रोगव्याधिका कुरा, नारी अधिकारका कुरा, कुप्रथा हटाउनुपर्ने कुरा आदिका प्रचारप्रसार गर्नु परे सडक नाटकबाट गर्नुपऱ्यो भनेर विभिन्न मन्त्रालयले बजेट विनियोजन नै गर्न सक्छ । यसो हुँदा गाउ-ँगाउँमा भाइ बहिनीहरुले संस्था नै खोलेर सडक नाटककै माध्यमबाट प्रचारप्रसार गर्न सुरु गरिरहेकाले उनीहरुलाई पनि साथमा लिन सकिन्छ ।

### ■ हाम्रै नाटक रुचाउँछन् विदेशी

विदेशमा लैजाँदा नेपाली नाटक विश्व रंगमञ्चमा कथाका दृष्टिले सबैभन्दा बढी हाम्रै नाटक रुचाइन्छ । हाम्रा नाटकमा धेरै कथा छन् । अरुका नाटकमा कमेडी बढी छन् । हाम्रा नाटकहरुमा यथार्थ बढी छ जसले नागरिकका जीवनशैली र उनीहरुका वास्तविक भोगाइ छन् ।

जस्तो कि केही समयअघि हामीले बैंलोरमा नेपाली नाटक देखाउँदा त्यहाँ भारतीय मात्र नभएर धेरै विदेशी दर्शक थिए । उनीहरु सिनेमा हेरेभन्दा बढी मानिसको जीवनका वास्तविक भोगाइ नै देखियो भनेर निकै प्रशंसा गरेका थिए । हामीले विदेशमा हाम्रा नाटकहरुको तुलना नै अलग्गै हुन्छ । सबैले नेपाली कथालाई आफ्नै कथामा ढालेर हेर्न र बुझ्न सकिने कला भएर दर्शक भावुक हुन्छन् । हाम्रा नाटकमा गाउँ र सहर दुवै छ अनि कला र वास्तविकता समेटिएको हुन्छ । हाम्रो देशको अद्वितीय कला संस्कृति, भेषभूषा, जातीय भाषिक विविधता र हाम्रो अलौकिक भौगोलिक बनावट पनि हुनसक्छ हाम्रा नाटकले विश्वका दर्शकले आफ्नै कथा मानेर हेर्न सक्ने बताउने गरेका छन् ।

चलचित्र र नाटकमा फरक छ । हुनत नाटकभन्दा बढी मास मिडियामा फिल्म पुग्ला । तर नाटक त्योभन्दा पनि बढी जीवन्त हुन्छ । तुलनाको हिसाबले कुरा गर्दा नाटक जीवन्त हो । फिल्मलाई बनाइएका कथा मानिन्छ तर यसले पनि समाजमा सन्देश त उस्तै नै दिन्छ । तर नाटकबाट मानिसहरु बढी प्रभावित र भावुक हुन्छन् । यसको मापन गर्दा पनि त्यो अवस्था भेटिन्छ ।

*(कुराकानीका आधारमा तयार गरिएको लेख ।)*

## कविता

## अधुरा प्रश्नहरू



कुञ्ज देवी उपाध्याय

घामले तारा निलेर रातो भएको बेला
शुरू हुन्छ मेरो यात्रा
आकाशतिर हेर्दै
आज पनि फुटेको माटो रून्छ
अन्धविश्वासको आँधिमा रूमलिँदै
भ्यागुताको बिहे गर्ने मेरो देश
न नारीलाई सुरक्षा दिन सक्छ
न हरियो विप्लव ल्याउन ॥
जात-पातको युद्धमा अस्मिता लुटिन्छ
गाउँ-ठाउँमा आज पनि
अवला मानिन्छ
उनीहरू पुरुषको गोजिभित्र
आफ्नो स्वाधिनता राखि दिएर
सुरक्षित हुनुपर्छ ॥
अमृत महोत्सव मनाउँदै रमाउँछन्
जनताका रक्षक
पर्सेन्टको हिसाबमा गरिन्छ आरक्षण
तै पनि दिन रात परिश्रम गर्छु
देश र परिवारको लागि
धर्मको नाउँ दिइन्छ त्यसलाई
हत्या र लुन्ठनको डरले सधैँ सताउँछ
कसैको पाशविक प्रवृत्तिलाई रोक्ने
क्षमता ममा किन छैन ?
सृष्टिको गल्ती हो कि समाजको ?
प्रश्नहरू आजीवन अधुरो छ
आमाको कोख लज्जित गर्ने सन्तान
अब नजन्मिउन यो धर्तीमा
प्रलयकालको ज्वालो अब रोकिने छैन
ए आकाश
देउन अलिकति चिसो हावा
डढेको शरीर शान्त पार्न ॥

## गजल



तिल्सरा शर्मा, रूकुम पश्चिम

छोरी हुँ म बा-आमालाई पालेर देखाउँला ।
मेरै बाउको जमिनमा एउटा घर हालेर देखाउँला ॥

हो छोरीले के गर्न सक्छन् र भन्ने अन्धविश्वासलाई
मेरै यी दुई हातले फालेर देखाउँला ॥

छोरीले प्रगति गरेको देख्न नसक्नेहरुलाई
तिनीहरूको आँखा मैँले टालेर देखाउँला ॥

छोरा बुहारीले भाँडभैलो मच्चाए नि घरमा,
म छोरीले खुसीको ज्योति बालेर देखाउँला ॥

म छोरी जन्मदा दिक्क मान्नेहरुको अगाडी,
छोराको जस्तै जिम्मेवारी अंगालेर देखाउँला ॥

# अति भएपछि...

कथा



■ धनराज गिरी

प्रोफेसर ढुक्कनारायण चौधरी, प्रोफेसर जगमोहन आजाद, प्रोफेसर सहिदशरण उपाध्याय, प्रोफेसर आनन्दकुमार गोस्वामी, प्रोफेसर सार्थकनारायण, प्रोफेसर प्रेमस्वरूप कमलोपाध्याय र केही बौद्धिकहरुको बैठक बस्यो जङ्गल सफारी लजमा । सौराहा घोषणापत्र लेखे सुमित्रानन्दन जोगीमारे दामादश्रीले । व्यापक छलफल भयो । 'आजादपथ' नाम दिने घोषणा भयो । जिल्लाका सबै विचारकहरूको उपस्थिति थियो ।

"साथीहरू, अब अति भयो । जसरी फेसबुकमा यतैको एकजना जोगीले अति गरेको हुनाले तीन कमेन्ट र पाँच लाइक पनि आउन्न, त्यसैगरी हाम्रा तमाम समय अनायकहरूको ल्याकतले यो देशको भलो भएन । अति भयो । खति भयो । दुर्गति भयो । मेरो दिमागको रोडम्याप हो, प्रचण्डपथ भनेजस्तै, त्यो त पूरै फ्लप भयो । सबै फ्लप । हरेक रंग फ्लप । यो राप र तापबाट देशलाई नजोगाए पाप लाग्छ । जब जागा तब सबेरा ! यो कुइरेटकीय नगरीमा, मेरो एक योजना छ, सबैको कल्याण हुन्छ । पक्का हुन्छ । हामीले चाहेमा परिवर्तन सम्भव छ !"

सबैले मुखामुख गरे ।

"गुरुदेवको योजनाले यहाँ धेरैको कल्याण भएको छ । योजना भन्न मिल्छ ?" चेली, आजादकी, लेडी गब्बरकी नायिका, गरिमा घिमिरे ।

"कुरा आए राम्रो !" उज्याला मान्छे, पर्वतनारायण उखानपुरे अघि सरे ।

"सरको योजना पक्कै पनि राम्रो हुनुपर्छ ।" नेपाली केशवप्रसाद रेग्मी परदेशी, पर्वतका दाजी अघि सरे । सबैको जिज्ञासा बुझ्ेर आजाद अघि सरे । "यहाँ अनेक उत्तर आधुनिक म्यूजियम बन्ने छ । लीला हुनेछ । पाँच तले भवन, एनआरएनएसँग कुरा भएको छ । सम्पूर्ण नेताहरूलाई यही भवनमा राखिनेछ । उनीहरूको अकूत सम्पति कब्जा गरेर अक्षय कोश बनाइनेछ । व्यापक प्रचार प्रसार गरिनेछ । हात्तीको मूल्य मरेपछि लाख भनेजस्तै यी उपादेयता खत्तम भएका नेताजीहरू पर्यटनकालागि कच्चापदार्थ हुनेछन् । आन्तरिक र वाह्य पर्यटन मौलाउने छ । यो बृहत योजना हो मुलुकको हितको लागि अझ व्यापक छलफल हुनेछ । कार्यपत्र बनाइने छ । श्री शारदानाथ बिस्फोट कमरेडको यसमा खास सहयोग रहने छ ।"

पुलुक्क हेरे, क्यामरा भिरेका तेज नयनवाला एक प्रकृतिप्रेमीले बोले, "हुम्म, आजाद सरको कुरामा पूर्ण समर्थन रहन्छ । यी एमसीसी र एसपीपीका नाजायज सन्तानहरूको लागि उपचार खोज्नुपर्छ । यी लाल दलाल नटवरलालहरू, यी ठोरीवादीहरू, यी नालायकहरूलाई यहाँ ल्याएर यिनको हैशियत बोध गराउनपर्छ । बरू म लाइभ प्रसारण गर्नेछु ।"

